| ५५ | ४३४ | ०-३-१-३ | ०-३-१-३ | १०९।३० | पुरा | मनमाया के.सी. / बुद्धि बहादुर के.सी. /दुर्ग बहादुर के.सी. / बम बहादुर के.सी. | मानबहादुर | जितमान |
| ५६ | ४३५ | ०-३-१-३ | ०-३-१-३ | १०९।३० | पुरा | चन्द्र कुमारी थापा | रतनबहादुर | प्रतिमान |
| ५७ | ११२४ | ०-७-२-० | ०७७२७० | २३८।४७ | पुरा | बाल कुमारी अधिकारी | शंकर प्रसाद | बालकृष्ण |
| ५८ | ११२५ | ०-७-३-० | ०-७-३-० | २४६।४२ | पुरा | सुर्यनाथ अधिकारी | बालकृष्ण | मनहर्क |
| ५९ | ११२६ | ०-४-३-१ | ०-४-३-१ | १५३।०२ | पुरा | सुर्यनाथ अधिकारी | बालकृष्ण | मनहर्क |
| ६० | ११२७ | ०-४-३-० | ०-४-३-० | १५१।०३ | पुरा | बाल कुमारी अधिकारी | शंकर प्रसाद | बालकृष्ण |
| ६१ | ११८० | ०-१-२-३ | ०-१-२-३ | ५३।६६ | पुरा | कृष्ण प्रसाद अधिकारी | लोकनाथ | विनि महादेव |
| ६२ | ११८१ | ०-१-३-० | ०-१-३-० | ५५।६४ | पुरा | कृष्ण प्रसाद अधिकारी | लोकनाथ | विनि महादेव |
| ६३ | १२९९ | ०-३-१-२ | ०-३-१-२ | १०७।३१ | पुरा | शुकदेव अधिकारी | लोकनाथ | विनि |
| ६४ | १३०० | ०-३-१-२ | ०-३-१-२ | १०७।३१ | पुरा | राम प्रसाद अधिकारी | लोकनाथ | विनि |
| ६५ | १३०३ | ०-६-३-१ | ०-६-३-१ | २१६।६१ | पुरा | चिरन्जीबी अधिकारी | बिश्वनाथ | मनहर्क |
| ६६ | १३०४ | ०-६-३-१ | ०-६-३-१ | २१६।६१ | पुरा | तारानाथ अधिकारी | बिश्वनाथ | मनहर्क |
| ६७ | १३०५ | ०-६-३-१ | ०-६-३-१ | २१६।६१ | पुरा | गौरी अधिकारी | सोमनाथ | बिश्वनाथ |
| ६८ | १३४७ | ०-१-०-० | ०-१-०-० | ३१।७९ | पुरा | प्याउलीमया आले | मन बहादुर आले | टेक बहादुर |
| ६९ | १३४८ | ०-१-०-० | ०-१-०-० | ३१।७९ | पुरा | कमलामाया आले | एक बहादुर आले | टेक बहादुर |
| ७० | १३४९ | ०-१-०-० | ०-१-०-० | ३१।७९ | पुरा | आश बहादुर आले | टेक बहादुर | रामचन्द्र |
| ७१ | १३५० | ०-२-२-० | ०-२-२-० | ७९।४९ | पुरा | खिरेन्द्र आले | टेक बहादुर | रामचन्द्र |
| ७२ | १३८९ | ०-८-०-० | ०-८-०-० | २५४।३७ | पुरा | कृष्ण प्रसाद अधिकारी | दुर्गादत्त | कुलदिप |
| ७३ | १३९० | ५-०-०-१ | ५-०-०-१ | २५४५।६७ | पुरा | कालिका अधिकारी | चुडामणि | कर्णखर |
| ७४ | १३९५ | ४-०-०-० | २-११-०-० | १३६६।६६ | पूर्व | लक्ष्मी प्रसाद अधिकारी | छिम प्रसाद | तारापति |
| ७५ | १४११ | १-४-०-० | १-४-०-० | ६३५।९२ | पुरा | लक्ष्मी प्रसाद अधिकारी | छिम प्रसाद | तारापति |
| ७६ | १४४५ | ०-४-२-० | ०-४-२-० | १४३।०८ | पुरा | रामचन्द्र अधिकारी | छिम प्रसाद | तारापति |
| ७७ | १४४६ | ०-४-१-० | ०-४-१-० | १३५।१३ | पुरा | डोलराज अधिकारी | छिम प्रसाद | तारापति |

| सि. नं. | किता नं. | जम्मा जग्गाको क्षेत्रफल (रो.आ.पै.दा.) | अधिग्रहण गर्नुपर्नेजग्गाको क्षेत्रफल (रो.आ.पै.दा.) | अधिग्रहण गर्नुपर्नेजग्गाको क्षेत्रफल वर्ग मी | तर्फ | जग्गाधनीको नामथर | बाबु/पतिको नाम | बाजे/ससुराको नाम |
|---|---|---|---|---|---|---|---|---|
| **साविक भिरचोक गा.वि.स. वडा नं. ७** | | | | | | | | |
| १ | १ | ०-२-३-१ | ०-२-३-१ | ९८।४३ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| २ | २ | ०-१-१-० | ०-१-१-० | ३९।७५ | पुरा | दान बहादुर थापा क्षेत्री | माहाबिर | कालु |
| ३ | ३ | ०-०-३-३ | ०-०-३-३ | २९।८१ | पुरा | दान बहादुर थापा क्षेत्री | माहाबिर | कालु |
| ४ | ४ | ४-१२-१-३ | ४-१२-१-३ | २४३०।४२ | पुरा | मिनु माया गुरूङ्ग | हर्क बहादुर | बल बहादुर |
| ५ | ६ | १-३-१-२ | १-३-१-२ | ६१६।०५ | पुरा | कृष्ण कुमारी थापा | मन | नाम खाली |
| ६ | ७ | १-६-२-२ | १-६-२-२ | ७१९।३९ | पुरा | एक बहादुर थापा | पुर्ण ब. | |
| ७ | ८ | ७-८-०-२ | ७-८-०-२ | ३८१९।५० | पुरा | अजिर वक्स मिया र नजिर वक्स मिया | काजिरबक्स | सपिमाया |
| ८ | ९ | ४-८-०-० | ३-१-०-० | १५५८।०० | पश्चिम | साबु दिन मिया | उसमान | शम्सेर अलिमिया |
| ९ | १० | १-३-०-१ | १-३-०-१ | ६०६।१२ | पुरा | कृष्ण कुमारी थापा | मन ब | |
| १० | ११ | ०-१३-२-३ | ०-१३-२-३ | ४३५।२३ | पुरा | अब्दुल रहमान मिया | अब्दुललजी | महेदिन |
| ११ | १३ | ०-३-३-१ | ०-३-३-१ | १२१।२२ | पुरा | नेत्र बहादुर गुरूङ्ग | बिल बहादुर | कुलमान सिं |
| १२ | १४ | १३-७-१-३ | १३-१-१-२ | ६६५७०३ | पश्चिम | जोगमाया गुरूङ्ग | झ्यामु | जित बहादुर |
| १३ | १५ | ५-११-३-२ | ५-११-३-२ | २९२१।२७ | पुरा | लालसिंह गुरूङ्ग | बल बहादुर | कविराज |
| १४ | १६ | १-४-०-२ | १-४-०-२ | ६३९।९० | पुरा | पार्बती कुवर क्षेत्री | दिल ब. | टेक ब |
| १५ | १७ | ०-२-०-३ | ०-२-०-३ | ६९।५५ | पुरा | ओमसरी गुरूङ्ग | तुल बहादुर | जित बहादुर |
| १६ | १८ | ०-३-३-१ | ०-३-३-१ | १२१।२२ | पुरा | भिम बहादुर गुरूङ | जित ब | रण ब |
| १७ | १९ | ०-६-३-० | ०-६-३-० | २१४।६२ | पुरा | ओमसरी गुरूङ्ग | तुल बहादुर | जित बहादुर |
| १८ | २० | ०-६-१-१ | ०-६-१-१ | २००।७१ | पुरा | नेत्र बहादुर गूरूङ | बिल ब. | कुल मान |
| १९ | २१ | ०-९-१-३ | ०-९-१-३ | ३००।०७ | पुरा | रूम बहादुर गूरूङ | हुकुम ब. | रन ब. |
| २० | २२ | ०-११-३-३ | ०-११-३-३ | ३८९।५६ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथवर सिं |
| २१ | २३ | ०-५-२-३ | ०-५-२-३ | १८०।८७ | पुरा | डम्बर कु. गुरूङ | मनजित | नर ब. |
| २२ | २४ | ०-६-३-३ | ०-६-३-३ | २२०।५८ | पुरा | रूम बहादुर गूरूङ | हुकुम ब. | रन ब. |
| २३ | २५ | ०-७-१-० | ०-७-१-० | २३०।५२ | पुरा | फुलमाया घर्ती | ओम ब. | मन ब. |
| २४ | २६ | ०-५-२-३ | ०-५-२-३ | १८०।८४ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथवर सिं |
| २५ | २७ | ०-६-३-३ | ०-६-३-३ | २२०।५८ | पुरा | श्रीकला गुरूङ | तुल ब. | जित बं |
| २६ | २८ | ०-२-२-० | ०-२-२-० | ७९।४९ | पुरा | लालमाया गुरूङ | आस ब. | जित बं |
| २७ | २९ | ०-७-३-३ | ०-७-३-३ | २५२।३८ | पुरा | डिलमाया गुरूङ | खेम ब. | हुकुम ब |
| २८ | ३० | ०-१२-३-० | ०-१२-३-० | ४०५।४० | पुरा | मिठु खत्री | हर्क ब. | टिका |
| २९ | ३१ | ०-४-२-३ | ०-४-२-३ | १४९।०४ | पुरा | पेग बहादर र ढक बहादुर | नर ब. | बीर |
| ३० | ३२ | ०-६-१-१ | ०-६-१-१ | २००।७१ | पुरा | मिठु खत्री | हर्क ब. | टिका |
| ३१ | ३३ | ०-३-२-० | ०-३-२-० | १११।२९ | पुरा | भिम बहादुर गूरूङ | जित ब. | रण ब. |
| ३२ | ३४ | ०-७-०-१ | ०-७-०-१ | २२४।५६ | पुरा | सुमाया गुरूङ्ग | खेम | हुकुम |
| ३३ | ३५ | ०-३-०-२ | ०-३-०-२ | ९९।३६ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथवर सिं |
| ३४ | ३६ | ०-३-०-२ | ०-३-०-२ | ९९।३६ | पुरा | सुमाया गुरूङ्ग | खेम | हुकुम |
| ३५ | ३७ | ०-४-१-३ | ०-४-१-३ | १४१।०९ | पुरा | कोक बहादुर भुजेल | मन बहादुर | च्याङग्रे |
| ३६ | ३८ | ४-२-१-२ | ४-२-१-२ | २१०।४६ | पुरा | बुद्धिमाया तिवारी | गुरूदत्त | चतुराखर |
| ३७ | ३९ | ०-२-२-० | ०-२-२-० | ७९।४९ | पुरा | दान बहादुर थापाक्षेत्री | महाबिर | कालु |
| ३८ | ४० | ०-३-२-० | ०-३-२-० | १११।२९ | पुरा | दान बहादुर थापाक्षेत्री | महाबिर | कालु |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३९ | ४१ | ०-२-३-३ | ०-२-३-३ | ९३।४० | पुरा | दान बहादुर थापाक्षेत्री | महाबिर | कालु |
| ४० | ४२ | १-२-२-१ | १-२-२-१ | ५९०।२१ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ४१ | ४३ | ०-११-२-० | ०-११-२-० | ३६५।६५ | पुरा | निरू थापा | कृष्ण बहादुर | मान ब. |
| ४२ | ४४ | ०-८-०-० | ०-८-०-० | २५४।३७ | पुरा | मिठु खत्री | हर्क बहादुर | टिका बहादुर |
| ४३ | ४५ | ०-२-३-३ | ०-२-३-३ | ९३।४० | पुरा | मिठु खत्री | हर्क बहादुर | टिका बहादुर |
| ४४ | ४६ | ०-३-२-० | ०-३-२-० | १११।२८ | पुरा | ढक बहादुर गुरूङ्ग र पेग बहादुर गुरूङ्ग | नर बहादुर | बिर बहादुर |
| ४५ | ४७ | ०-१-२-२ | ०-१-२-२ | ५१।६७ | पुरा | मिठु खत्री | हर्क बहादुर | टिका बहादुर |
| ४६ | ४८ | ०-१-२-२ | ०-१-२-२ | ५१।६७ | पुरा | भिम बहादुर गुरूङ्ग | जित बहादुर | रण बहादुर |
| ४७ | ४९ | ०-२-०-३ | ०-२-०-३ | ६९।५५ | पुरा | कोक बहादुर भुजेल | मन बहादुर | च्याङग्रे |
| ४८ | ५० | ०-१-३-२ | ०-१-३-२ | ६९।६१ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथवर सिं |
| ४९ | ५१ | ०-१-१-० | ०-१-१-० | ३९।७४ | पुरा | कोक बहादुर भुजेल | मन बहादुर | च्याङग्रे |
| ५० | ५२ | ०-१-१-० | ०-१-१-० | ३९।७४ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ५१ | ५३ | ०-३-०-२ | ०-३-०-२ | ९९।३६ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ५२ | ५४ | ०-१-३-२ | ०-१-३-२ | ५९।६१ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ५३ | ५५ | ०-२-२-० | ०-२-२-० | ७९।४९ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ५४ | ५६ | ०-१-१-० | ०-१-१-० | ३९।७४ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ५५ | ५७ | ०-२-३-० | ०-२-३-० | ८७४३ | पुरा | लालमाया गुरूङ्ग | आश बहादुर | जित बहादुर |
| ५६ | ५८ | ०-१०-२-१ | ०-१०-२-१ | ३३५।८४ | पुरा | राज बहादुर थापा | समवर बहादुर | भद्रवीर |
| ५७ | ५९ | ०-९-३-० | ०-९-३-० | ३१०।०१ | पुरा | मिठु खत्री | हर्क बहादुर | टिका |
| ५८ | ६० | ०-८-३-१ | ०-८-३-१ | २८०।२० | पुरा | ढक बहादुर गुरूङ्ग र पेग बहादुर गुरूङ्ग | नर बहादुर | बिर बहादुर |
| ५९ | ६१ | १-३-०-३ | १-३-०-३ | ६१०।०८ | पुरा | मिठु खत्री | हर्क बहादुर | टिका |
| ६० | ६३ | ०-३-०-२ | ०-३-०-२ | ९९।३६ | पुरा | मिठु खत्री | हर्क ब. | टिका ब. |
| ६१ | ६४ | ०-३-०-२ | ०-३-०-२ | ९९।३६ | पुरा | राम बहादुर थापा क्षेत्री | बम बहादुर | नर बहादुर |
| ६२ | ६५ | २-२-१-३ | २-२-१-३ | १०९४।९८ | पुरा | बुद्धि माया तिवारी | गुरूदक्त | चतुराखर |
| ६३ | ६६ | ०-३-१-३ | ०-३-१-३ | १०९।२९ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ६४ | ६७ | ०-२-३-१ | ०-२-३-१ | ८९।४२ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ६५ | ६८ | ०-६-१-३ | ०-६-१-३ | २०४।६९ | पुरा | दान बहादुर थापा क्षेत्री | महाविर | कालु |
| ६६ | ६९ | ०-१३-१-३ | ०-१३-१-३ | ४२७२६ | पुरा | बुद्धि माया तिवारी | गुरूदक्त | चतुराखर |
| ६७ | ७० | २-३-१-० | २-३-१-० | १०२०।८१ | पुरा | अमृत थापा | बिर बहादुर | शक्ती बहादुर |
| ६८ | ७१ | ०-२-२-० | ०-२-२-० | ७९।४९ | पुरा | रूम बहादुर गुरूङ्ग | हुकुम बहादुर | रन ब. |
| ६९ | ७२ | १-४-१-३ | १-४-१-३ | ६४९।८३ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथवर सिं |
| ७० | ७३ | ०-५-२-३ | ०-५-२-३ | १८०।८७ | पुरा | कोक बहादुर भुजेल | मान बहादुर | च्याङग्रे |
| ७१ | ७४ | ०-६-३-० | ०-६-३-० | २१४।६२ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथवर सिं |
| ७२ | ७५ | ०-२-३-१ | ०-२-३-१ | ८९।४२ | पुरा | श्रीकला गुरूङ | तुल ब. | जित बं |
| ७३ | ७६ | ०-२-३-१ | ०-२-३-१ | ८९।४२ | पुरा | कोक बहादुर भुजेल | मन बहादुर | च्याग्रे |
| ७४ | ७७ | ०-६-१-१ | ०-६-१-१ | २००।७१ | पुरा | डम्बर कुमारी गुरूङ | मनजित | नर ब. |
| ७५ | ७८ | ०-४-१-२ | ०-४-१-२ | १३९।१३ | पुरा | लालमाया गुरूङ | आस ब. | जित ब. |
| ७६ | ७९ | ०-४-०-१ | ०-४-०-१ | १२९।१७ | पुरा | मैश्री गुरूङ्ग | नरजित | नर बहादुर |
| ७७ | ८० | ०-६-३-० | ०-६-३-० | २१४।६२ | पुरा | विष्णु प्रसाद सुवेदी | खडानन्द | मन बहादुर |
| ७८ | ८१ | ०-११-२-२ | ०-११-२-२ | ३६९।६३ | पुरा | भिम बहादुर गुरूङ्ग | जित बहादुर | रण बहादुर |
| ७९ | ८२ | ०-१३-०-३ | ०-१३-०-३ | ४१९।३१ | पुरा | देवी कुमारी गुरूङ्ग | मनोज | गोबरधन |
| ८० | ८३ | १-३-०-० | १-३-०-० | ६०४।१२ | पुरा | नारान बहादुर गुरूङ्ग | हुकुम बहादुर | रण बहादुर |
| ८१ | ८४ | ०-६-१-१ | ०-६-१-१ | २००।७१ | पुरा | नेत्र बहादुर गूरूङ | बिल ब | कुलमान सिं |
| ८२ | ८६ | ३-१२-१-० | ३-१२-१-० | १९१५।७१ | पुरा | दमयन्ती तेवारी | उमनाथ | पुर्णहरि |
| ८३ | ८७ | ०-२-०-३ | ०-२-०-३ | ६९।५५ | पुरा | हरिकला अधिकारी | बृहस्पति | दण्डपानी |
| ८४ | ८८ | ७-१-०-१ | ७-१-०-१ | ३५९४।९४ | पुरा | शुभादेवी तिवारी | इमानाथ | पुण्डरी |
| ८५ | ८९ | ०-९-३-० | ०-९-३-० | ३१०।०१ | पुरा | निर बहादुर गुरूङ्ग | धन बहादुर | हस्तविर |
| ८६ | ९० | १-२-१-० | १-२-१-० | ५८०।२८ | पुरा | पध्म बहादुर थापा | देव बहादुर | टेक बहादुर |
| ८७ | ९१ | ०-४-२-३ | ०-४-२-३ | १४९।०४ | पुरा | पध्म बहादुर थापा | देव बहादुर | टेक बहादुर |
| ८८ | ९२ | ०-६-१-१ | ०-६-१-१ | २००।७१ | पुरा | कुल बहादुर गुरूङ्ग | उत्तर सिं | धनविर |
| ८९ | ९३ | ०-६-२-२ | ०-६-२-२ | २१०।६५ | पुरा | लेख बहादुर गुरूङ्ग | बल बहादुर | जुठे |
| ९० | ९४ | ०-६-२-२ | ०-६-२-२ | २१०।६५ | पुरा | सुभ्रदा अधिकारी | सोमनाथ | बृहस्पति |
| ९१ | ९५ | ०-२-३-१ | ०-२-३-१ | ८९।४२ | पुरा | देवन्द्र राज अधिकारी | ऋषी लाल | कर्णखर |
| ९२ | ९६ | ०-२-३-१ | ०-२-३-१ | ८९।४२ | पुरा | हस्त बहादुर थापा | रूद्र बहादुर | टेक बहादुर |
| ९३ | ९७ | ०-९-०-१ | ०-९-०-१ | २८८।१५ | पुरा | देवी गुरूङ्ग | मनोज | गोवर्धन |
| ९४ | ९८ | ०-३-१-३ | ०-३-१-३ | १०९।२९ | पुरा | शिव प्रसाद अधिकारी | लेखनाथ | रमनाथ |
| ९५ | ९९ | ०-२-०-३ | ०-२-०-३ | ६९।५५ | पुरा | शुभद्रा अधिकारी | सोमनाथ | बृहस्पति |
| ९६ | १०० | ०-३-०-२ | ०-३-०-२ | ९९।३६ | पुरा | देवेन्द्र राज अधिकारी | ऋषिलाल | कर्णखर |
| ९७ | १०१ | ०-२-३-१ | ०-२-३-१ | ८९।४२ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथवरसिं |
| ९८ | १०२ | १-८-०-३ | १-८-०-३ | ७६९।०७ | पुरा | कौशिला गुरूङ्ग | नारायण बहादुर | हकुम बहादुर |
| ९९ | १०३ | ०-५-२-३ | ०-५-२-३ | १८०।८७ | पुरा | देवेन्द्र राज अधिकारी | ऋषिलाल | कर्णखर |
| १०० | १०४ | ०-३-०-२ | ०-३-०-२ | ९९।३६ | पुरा | पध्म बहादुर थापा | देव बहादुर | टेक बहादुर |
| १०१ | १०५ | ०-३-१-३ | ०-३-१-३ | १०९।२९ | पुरा | राज बहादुर थापा | समवर बहादुर | भद्रबीर |
| १०२ | १०६ | ०-४-२-३ | ०-४-२-३ | १४९।०४ | पुरा | पध्म बहादुर थापा | देव बहादुर | टेक बहादुर |
| १०३ | १०७ | ०-९-१-० | ०-९-१-० | २९४।११ | पुरा | कुल बहादुर गुरूङ्ग | उत्तर सिं | धनविर |
| १०४ | १०८ | ०-३-३-० | ०-३-३-० | ११९।२३ | पुरा | नवि बोल्ला मिया | हवि मिया | आलमन मिया |
| १०५ | १०९ | ०-३-३-० | ०-३-३-० | ११९।२३ | पुरा | नवि बोल्ला मिया | हवि | आलमान |
| १०६ | ११० | ०-७-२-३ | ०-७-२-३ | २४४।४३ | पुरा | देविसरा गुरूङ्ग | धनराज | हस्तविर |
| १०७ | १११ | ०-७-०-१ | ०-७-०-१ | २२४।५५ | पुरा | कृष्ण माया थापा | विर बहादुर | अमर बहादुर |
| १०८ | ११२ | ०-१-१-० | ०-१-१-० | ३९।७४ | पुरा | कृष्ण माया थापा | विर बहादुर | अमर बहादुर |
| १०९ | ११३ | ०-६-२-२ | ०-६-२-२ | २१०।६४ | पुरा | सेति थापा | बेल बहादुर | सम्मर बहादुर |
| ११० | ११४ | ०-१०-३-२ | ०-१०-३-२ | ३४५।७८ | पुरा | लाल सिं गुरूङ्ग | एमानसिं | विल बहादुर |
| १११ | ११५ | ०-२-३-१ | ०-२-३-१ | ८९।४२ | पुरा | कुल बहादुर गुरूङ्ग | उत्तर सिं | धनविर |
| ११२ | ११६ | १-९-२-० | १-९-२-० | ८१०।७९ | पुरा | पध्म बहादुर थापा | देव बहादुर | टेक बहादुर |
| ११३ | ११७ | ०-१५-२-१ | ०-१५-२-१ | ४९४।८२ | पुरा | नवि बोल्ला मिया | हवि | आलमन |
| ११४ | ११८ | ०-१२-१-० | ०-१२-१-० | ३८९।५० | पुरा | नवि बोल्ला मिया | हवि मिया | आलमन मिया |
| ११५ | ११९ | १-६-१-१ | १-६-१-१ | ७०९।४४ | पुरा | निर बहादुर गुरूङ्ग | धन बहादुर | हस्तविर |
| ११६ | १२० | १-२-१-० | १-२-१-० | ५४८।४८ | पुरा | देविसरा गुरूङ्ग | धनराज | हस्तविर |
| ११७ | १२१ | ०-१३-२-० | ०-१३-२-० | ४२९।२४ | पुरा | कृष्ण माया थापा | बिर बहादुर | अमर बहादुर |
| ११८ | १२२ | १-५-०-१ | १-५-०-१ | ६६९।७० | पुरा | कृष्ण माया थापा | बिर बहादुर | अमर बहादुर |
| ११९ | १२३ | ०-११-३-३ | ०-११-३-३ | ३८९।५६ | पुरा | ओमसरी गुरूङ्ग | तुल बहादुर | जित बहादुर |
| १२० | १२४ | १-१-०-० | १-१-०-० | ५४०।५३ | पुरा | शेर बहादुर गुरूङ्ग | लाल सिं | औमान |
| १२१ | १२५ | १-१-१-३ | १-१-१-३ | ५५४।४४ | पुरा | लाल सिं गुरूङ्ग | ऐमान सिं | विल बहादुर |
| १२२ | १२६ | ०-६-२-२ | ०-६-२-२ | २१०।६४ | पुरा | शुभद्रा अधिकारी | शुभनाथ | बिर बहादुर |
| १२३ | १२७ | ०-१०-२-३ | ०-१०-२-३ | ३३९।८२ | पुरा | हस्त बहादुर थापा | रूद्र बहादुर | टेक बहादुर |
| १२४ | १२८ | ०-०-३-३ | ०-०-३-३ | २९।८० | पुरा | रूद्रनाथ तेवारी | मकरनउ | सुवाखर |
| १२५ | १२९ | ०-११-२-२ | ०-११-२-२ | ३६९।६२ | पुरा | सुर्य प्रसाद लामि५ाने | महादेव | गंगाधर |
| १२६ | १३० | ०-१-३-२ | ०-१-३-२ | ६९।६१ | पुरा | सेति थापा | बेल बहादुर | सम्मर बहादुर |
| १२७ | १३१ | १-५-०-१ | १-५-०-१ | ६६९।७० | पुरा | बम बहादुर थापा | नर बहादुर | शक्त बहादुर |
| १२८ | १३२ | ०-१-३-२ | ०-१-३-२ | ६९।६१ | पुरा | शिवकली थापा क्षेत्री | विर बहादुर | सप्र बहादुर |
| १२९ | १३४ | ०-५-०-१ | ०-५-०-१ | १६०।०० | पुरा | युद्ध विर गुरूङ्ग | विरमान | नौनासिं |
| १३० | १३५ | ०-२-३-१ | ०-२-३-१ | ९०।०० | पुरा | जुठी गुरूङ्ग | रण बहादुर | मणिराज |
| १३१ | १३६ | १-३-०-३ | १-३-०-३ | ६१०।०० | पुरा | गंगा बहादुर गुरूङ्ग | नर बहादुर | नर जङ्ग |
| १३२ | १३७ | ०-४-२-३ | ०-४-२-३ | १५०।०० | पुरा | सरिता न्यौपाने तिवारी | राजेन्द्र | थिरराज |
| १३३ | १३८ | ०-३-०-२ | ०-३-०-२ | १००।०० | पुरा | नारायण बहादुर गुरूङ्ग | हुकुम बहादुर | रण बहादुर |
| १३४ | १३९ | ०-२-०-३ | ०-२-०-३ | ७०।०० | पुरा | श्रीकला गुरूङ्ग | तुल बहादुर | जित बहादुर |
| १३५ | १४० | ०-६-३-३ | ०-६-३-३ | २२०।०० | पुरा | नेत्र बहादुर गुरूङ्ग | बिल बहादुर | कुलमान सि |
| १३६ | १४१ | ०-३-३-० | ०-३-३-० | १२०।०० | पुरा | बसन्धरी भुजेल | लोक बहादुर | मन बहादुर |
| १३७ | १४२ | ०-१०-३-२ | ०-१०-३-२ | ३५४।०० | पुरा | सन्त बहादुर भुजेल | उम बहादुर | रिठे |
| १३८ | १४३ | ०-४-०-१ | ०-४-०-१ | १३०।०० | पुरा | कोशिला गुरूङ्ग | नारायण | हुकुम |
| १३९ | १४४ | ०-४-०-१ | ०-४-०-१ | १३०।०० | पुरा | गंगामाया गुरूङ्ग /पूर्ण बहादुर गुरूङ्ग | भवे गुरूङ्ग/ बीर ब.गुरूङ्ग | चन्द्रबिर |
| १४० | १४५ | ०-६-३-३ | ०-६-३-३ | २२०।५८ | पुरा | नाम खाली | | |
| १४१ | १४६ | ०-१३-०-३ | ०-१३-०-३ | ४२०।०० | पुरा | बसन्धरी भुजेल | लोक बहादुर | मन बहादुर |
| १४२ | १४७ | १-०-१-२ | १-०-१-२ | ५२०।०० | पुरा | शेर बहादुर गुरूङ्ग | लाल सिं | औमान |
| १४३ | १४८ | ०-३-१-३ | ०-३-१-३ | ११०।०० | पुरा | डिल्लीसरा गुरूङ्ग | शेरजंङ | विर सिंङ |
| १४४ | १४९ | ०-३-३-० | ०-३-३-० | १२०।०० | पुरा | भिम बहादुर गुरूङ्ग | जित बहादुर | रण बहादुर |
| १४५ | १५० | ०-३-३-० | ०-३-३-० | १२०।०० | पुरा | नारान बहादुर गुरूङ्ग | हुकुम बहादुर | रण बहादुर |
| १४६ | १५१ | ०-३-१-३ | ०-३-१-३ | ११०।०० | पुरा | ओमसरी गुरूङ्ग | तुल बहादुर | जित बहादुर |
| १४७ | १५२ | ०-१०-२-३ | ०-१०-२-३ | ३४०।०० | पुरा | राम बहादुर थापा क्षेत्री | बम बहादुर | नर बहादुर |
| १४८ | १५३ | ०-१२-०-२ | ०-१२-०-२ | ३८५।०० | पुरा | राम बहादुर थापा | वम बहादुर | नर बहादुर |
| १४९ | १५४ | ०-१०-०-१ | ०-१०-०-१ | ३१९।९५ | पुरा | राज बहादुर थापा | समवर बहादुर | भद्रवीर |
| १५० | १५५ | ०-८-३-१ | ०-८-३-१ | २८०।०० | पुरा | बलराम तिवारी | उमानाथ | पुणाहरि |
| १५१ | १५६ | ०-९-२-१ | ०-९-२-१ | ३०५।०० | पुरा | दोमयन्ती तेवारी | उमानाथ | पुणाहरि |
| १५२ | १५७ | १-१२-२-२ | १-१२-२-२ | ९१०।०० | पुरा | शुभादेवी तिवारी | इमानाथ | पुण्डरी |
| १५३ | १५८ | ०-६-३-३ | ०-६-३-३ | २२०।०० | पुरा | कृष्ण बहादुर थापा | डिल बहादुर | बल बहादुर |
| १५४ | १५९ | ०-४-०-१ | ०-४-०-१ | १३०।०० | पुरा | श्रीकला गुरूङ्ग | तुल बहादुर | जित बहादुर |
| १५५ | १६० | ०-१०-१-२ | ०-१०-१-२ | ३३०।०० | पुरा | नाम खाली | | |
| १५६ | १६१ | ०-५-०-१ | ०-५-०-१ | १६०।०० | पुरा | लक्ष्मी थापा | रत्न बहादुर | कोमल बहादुर |
| १५७ | १६२ | १-३-०-३ | १-३-०-३ | ६१०।०० | पुरा | लक्ष्मी थापा | रत्न बहादुर | कोमल बहादुर |
| १५८ | १६३ | ०-०-३-३ | ०-०-३-३ | ३०।०० | पुरा | नवि बोल्ला मिया | हवि मिया | आलमन मिया |
| १५९ | १६४ | ०-०-३-३ | ०-०-३-३ | ३०।०० | पुरा | नवि बोल्ला मिया | हवि | आलमान |
| १६० | १६५ | ०-१४-०-२ | ०-१४-०-२ | ४५०।०० | पुरा | निरू थापा | कृष्ण बहादुर | मान बहादुर |
| १६१ | १६६ | ०-७-२-१ | ०-७-२-१ | २४०।०० | पुरा | ठानेश्वर न्यौपाने | खेम प्रसाद | बालकृष्ण |
| १६२ | १६७ | ०-७-२-१ | ०-७-२-१ | २४०।०० | पुरा | ढक बहादुर गुरूङ्ग र पेग बहादुर गुरूङ्ग | नर बहादुर | विर बहादुर |
| १६३ | १६८ | ६-८-०-२ | ६-८-०-२ | ३३१०।०० | पुरा | अमृत बहादुर थापा | दिपेन्द्र बहादुर | रूम बहादुर |
| १६४ | १६९ | १-३-२-० | १-३-२-० | ६२०।०० | पुरा | हस्त बहादुर थापा | रूद्र | टेक बहादुर |
| १६५ | १७० | ०-१२-२-१ | ०-१२-२-१ | ४००।०० | पुरा | सुभद्रा अधिकारी | सोमनाथ | बृहस्पति |
| १६६ | १७१ | १-१२-३-० | १-१२-३-० | ९१५।०० | पुरा | मिठु खत्री | हर्क बहादुर | टिका बहादुर |
| १६७ | १७३ | १-१-३-३ | १-१-३-३ | ५७०।०० | पुरा | धन बहादुर गुरूङ्ग | सर्वजित | प्रतिमान |
| १६८ | १७४ | २-५-२-३ | २-५-२-३ | १२००।०० | पुरा | बासमाया गुरूङ | सर्वजित | प्रतिमान |
| १६९ | १७५ | ०-४-२-३ | ०-४-२-३ | १५०।०० | पुरा | सेति थापा | बेल बहादुर | सम्मर बहादुर |
| १७० | १७६ | १-३-२-२ | १-३-२-२ | ६६५।०० | पुरा | धनमाया गुरूङ्ग | योगेन्द्र | मान बहादुर |
| १७१ | १७७ | ०-१०-०-१ | ०-१०-०-१ | ३२०।०० | पुरा | ठानेश्वर न्यौपाने | खेम प्रसाद | बालकृष्ण |
| १७२ | १७८ | १-८-२-० | १-८-२-० | ७८०।०० | पुरा | मिन बहादुर गुरूङ्ग | सर्वजित | प्रतिमान |
| १७३ | १७९ | ०-२-२-० | ०-२-२-० | ८०।०० | पुरा | कृष्ण बहादूर थापा | डिल बहादूर | बल बहादूर |
| १७४ | १८० | ०-७-३-२ | ०-७-३-२ | २५०।०० | पुरा | | | |
| १७५ | १८१ | ०-१२-३-२ | ०-१२-३-२ | ४१०।०० | पुरा | ढक बहादुर गुरूङ्ग र पेग बहादुर गुरूङ्ग | नर बहादुर | बिर बहादुर |
| १७६ | १८२ | १-३-०-२ | १-३-०-२ | ६०५।०० | पुरा | बासमाया गुरूङ | सर्वजित | प्रतिमान |
| १७७ | १८३ | २-१३-२-२ | २-१३-२-२ | १४५०।७० | पुरा | कुवेर जङ्ग गुरूङ्ग | कृष्ण विर | राजविर |
| १७८ | १८६ | ०-७-२-१ | ०-७-२-१ | २४०।०० | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथबर सिं |
| १७९ | १८७ | ०-६-३-३ | ०-६-३-३ | २२०।०० | पुरा | शिव प्रसाद अधिकारी | लेखनाथ | रमनाथ |
| १८० | १८८ | ०-६-३-१ | ०-६-३-१ | २०५।०० | पुरा | शिव प्रसाद अधिकारी | लेखनाथ | रमनाथ |
| १८१ | १८९ | ०-४-१-३ | ०-४-१-३ | १४०।०० | पुरा | सुभद्रा अधिकारी | सोमनाथ | बृहस्पति |
| १८२ | १९० | ०-६-०-० | ०-६-०-० | १९०।७८ | पुरा | सरिता न्यौपाने तिवारी | राजेन्द्र | थिरराज |
| १८३ | १९१ | ०-८-२-० | ०-८-२-० | २७०।२७ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथबर सिं |
| १८४ | १९२ | २-११-३-२ | २-११-३-२ | १३९५।०५ | पुरा | देवी गुरूङ्ग | मनोज | गोवर्धन |
| १८५ | १९३ | २-१-२-२ | २-१-२-२ | १०६९।१७ | पुरा | चन्द्र प्रसाद गुरूङ्ग | मान बहादुर | माथबर सिं |
| १८६ | १९४ | ०-०-२-२ | ०-०-२-२ | १९।८७ | पुरा | कृष्ण बहादुर थापा | डिल बहादुर | बल बहादुर |
| १८७ | १९५ | ०-२-०-३ | ०-२-०-३ | ६९।५५ | पुरा | ढक बहादुर गुरूङ्ग/ पेग बहादुर गुरूङ्ग | नर बहादुर | निर बहादुर |
| १८८ | १९६ | ०-२-३-१ | ०-२-३-१ | ८९।४३ | पुरा | नाम खाली | | |
| १८९ | १९७ | ०-६-३-३ | ०-६-३-३ | २२०।५८ | पुरा | ठानेश्वर न्यौपाने | खेम प्रसाद | बाल कृष्ण |
| १९० | १९८ | ०-४-१-३ | ०-४-१-३ | १४१।०९ | पुरा | नाम खाली | | |
| १९१ | २०० | ०-७-३-२ | ०-७-३-२ | २५०।३९ | पुरा | राज बहादुर थापा | समवर बहादुर | भद्रवीर |
| १९२ | २०२ | ०-०-३-३ | ०-०-३-३ | २९।८९ | पुरा | उजेली थापा | इन्द्र बहादुर | पूर्ण बहादुर |
| १९३ | २०३ | ०-११-२-० | ०-११-२-० | ३६५।५६ | पुरा | राम बहादुर थापा क्षेत्री | बम बहादुर | नर बहादुर |
| १९४ | २०५ | ०-९-२-२ | ०-९-२-२ | ३०६।०४ | पुरा | नवि बोल्ला मिया | हवि मिया | आलमत मिया |
| १९५ | २०६ | १-९-२-० | १-९-२-० | ८१०।८० | पुरा | नबि बोल्ला मिया | हवि | आलमान |
| १९६ | २०७ | ०-१०-०-१ | ०-१०-०-१ | ८२८।६८ | पुरा | नवि बोल्ला मिया | हवि मिया | आलमत मिया |
| १९७ | २०८ | ५-३-३-१ | ५-३-३-१ | २६६४।९१ | पुरा | युद्ध विर गुरूङ्ग | विरमान | नैन सिं |
| १९८ | २०९ | ४-४-३-० | ४-४-३-० | २१८५।९८ | पुरा | राम बहादुर थापा क्षेत्री | बम बहादुर | नर बहादुर |

## सम्पादकीय

# अधिकार दिन किन आनाकानी ?

स्थानीय तह सञ्चालनमा आएको २ वर्ष पूरा भइसक्यो । प्रदेश सरकार पनि डेढ वर्षको भइसक्यो । यी दुवै तह आआफ्नै गतिमा काममा अघि बढिरहेका छन् । यिनीहरुको कार्यशैली छिटपुट वाहेक उत्साहजनक नै छ । थोरै अधिकारका साथ काम गरिरहेका स्थानीय निकाय अहिले सरकारको हैसियतमा काम गरिरहेका छन् । व्यवस्था परिवर्तन भएलगत्तै सबै कार्यशैली परिवर्तन एकैपटक हुन्छ भनेर कल्पना गर्नु पनि हुँदैन र सम्भ्व पनि छैन ।

नेपालको संघीय प्रणालीमा प्रदेश सरकार नयाँ संरचना हो । स्थानीय र केन्द्र यसअधिको व्यवस्थामा पनि क्रियाशील थिए । थोरै कार्यपद्धति मात्रै फरक हो । तर प्रदेश भने शून्यबाट उठ्नुपर्ने बाध्यता थियो । प्रदेश संरचनाका बारेमा नत कर्मचारीतन्त्र जानकार थियो न राजनीतिक नेतृत्व । र पनि डेढ वर्षको अवधिमा विभिन्न चुनौती पार गर्दै प्रदेश यो ठाउँमा आइपुगेको छ । त्यसो त कुनै कुनै बेला प्रदेश संरचनाको अस्तित्वमाथि नै प्रश्न समेत उठ्ने गरेको छ । संघीयताको विकल्प संघीयता नै हो । अब फेरि व्यवस्था परिवर्तनतिर हामीले ध्यान केन्द्रित गर्न थाल्यौं भने फेरि मुलुक अधोगतिमा फर्किने छ ।

संघीयताप्रति प्रदेश र स्थानीय तह संवेदनशील देखिए पनि केन्द्र सरकार भने सधैं अनुदाररुपमा प्रस्तुत हुँदै आएको छ । केन्द्र सरकारमा बसेर हालिमुहाली गर्नेलाई लागेको छ कि प्रदेश र स्थानीय तह अधिकार प्रयोगका लागि सक्षम नै भएका छैनन् । संविधानले प्रष्ट रुपमा उल्लेख गरेका विषयमा समेत संघ सरकारले अहिले बखेडा निकालिरहेको छ ।

प्रदेश गति लिएर दौडिन खोज्छ, अनि संघ सरकार त्यसमा लगाम कस्न खोज्छ । आखिर सबै तहका सरकारको १ मा लक्ष्य मुलुकको समृद्धि हो । पछिल्लो समयमा देखिएको समन्वयको अभाव नै समृद्धिको वाधक भएको छ । प्रदेशको नयाँ संरचना सुर गर्नका लागि संघले प्रारम्भमै अनुभवविहीन कर्मचारी खटायो । भर्खरै सहसचिवमा नाम निकालेकालाई प्रदेशमा सचिवको जिम्मेवारी दिएर पठाइएयो । अरु कर्मचारी पनि क्षमता र दक्षता नभएका पठाउँदा प्रदेशले काम गर्न नसकेको गुनासो गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ गरिरहन्छन् । प्रदेश सञ्चालनका लागि आवश्यक कानुन अघिल्लो सरकारले तयार नपारिदिएका कारण पनि यो समस्या आएको हो । यसै त नयाँ संरचना, अनि आफ्ना लागि आफै कानुन बनाउनुपर्ने जटिल प्रक्रियाले बीचको यो तहलाई अलमल बनाइयो ।

अहिले संघ सरकारले स्रोत बाँडफाँटमा आनाकानी गरिरहेको छ । जनशक्तिको बाँटफाँटमा उस्तै समस्या छ । यो सबै नेताहरुको केन्द्रीकृत मानसिकताको उपज हो भन्दा अत्युक्ति हुँदैन । अझ भनौं केन्द्र सरकामा संघीयता नबुझ्नेको जमघट ठूलो छ । अनि अर्को ठूलो समस्या हो जग्गा प्राप्ति । अहिले प्रदेश सरकारका नाममा १ टुक्रा पनि जग्गा छैन ।

जग्गा प्राप्तिका लागि प्रदेश सरकारले पटक पटक मन्त्रिपरिषद् बैठकबाट प्रस्ताव पारित गरेर पठाएको छ । तर संघ सरकारले यसमा पटक्कै चासो दिएको छ । आफ्ना नाममा जग्गा नआउँदासम्म प्रदेश सरकारलाई निर्माणको काम थाल्न पनि सकस परेको छ । चुनौतीको सामना गर्दै अघि बढेको प्रदेश तहलाई कसेर राख्ने भन्दा पनि संविधानले बोलेका अधिकार हस्तान्तरण गर्न संघले आनकानी गरिरहनु पर्दैन ।

**समाधान**
**राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि**
article.samadhan@gmail.com

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायन, शरदृतुः, परिधावी नाम संवत्सर, श्रीशाके १९४१,सम्वत २०७६ साल आश्विन ३ गते शुक्रबार नेपाल सम्वत ११३९ अलागा तदनुसार सन् २०१९ सेप्टेम्बर २० तारिक कृष्णपक्ष षष्ठी तिथि अपरान्ह ३ बजेर ५६ मिनेटसम्म, कृतिका नक्षत्र विहान ७ बजेर ४७ मिनेटसम्म, वज्रयोग, वणिजकरण, आनन्दादियोग छत्र, सूर्य कन्या राशीमा, चन्द्रमा वृष राशीमा ।

**जिज्ञासाको लागि : ९८५६०२६३९७**
gurupatrakar@gmail.com

# एस म्यान नबनौं



**बुद्धि मल्ल**

**वास्तवमा भनिन्छ कि, मानिसले धेरै बोलेर बिगार्छन् । तर यस म्यानले नबोलेर बिगार्छन्**

हे भगवान । मलाई मेरा साथीबाट बचाऊ, म आफूलाई शत्रु त बचाउन सक्षम छु । यो भनाई सर्वप्रथम प्राचिन इजरायलका राजा डेबिडले राजकाज चलाउने सिलसिलामा भनेको मानिएपनि अहिले जुनसुकै क्षेत्रमा उत्तिकै सान्दर्भिक छ । अहिलेको व्यावसायिक जीवनमा एस भनाईलाई एसरी बुझ्न सकिन्छ । हे भगवान मलाई मेरा एस म्यानबाट बचाऊ, म आफूलाई नो म्यानबाट त बचाउन सक्षम छु ।

एस म्यानको कुनै स्वभाव हुँदैन । उनीहरुको हाकिमको स्वभाव हेरेर आफ्नो स्वभाव बनाउँछन् र आज्ञापालक हुन्छन् र आफ्नो हाकिमको अगाडि ज्यादै कमजोर र निरिह र जे भनेपनि मान्ने खालका हुन्छन् । हाकिमले भनेका राम्रा नराम्रा सबै कुरा मान्नु उनीहरु आफ्नो कर्तवय ठान्छन् । आफ्नो हाकिमको कुरा मान्यो भने आफू सुरक्षित हुने मान्यतामा रहन्छन् । एस म्यान एउटा सांघुरो घेराभित्रै नै रमाउँछन् । आफ्नो मूल्य, मान्यता तथा आर्दश नहुने भएकोले अरुको मूल्य, मान्यता तथा आर्दश पछ्याउने हुनाले उनीहरु हाकिमको चाहाना बुझेर मात्र बोल्छन र काम गर्छन् । उनीहरु आफ्नो इच्छा, आकांक्षालाई मारेर हाकिमको इच्छा आकांक्षा पूरा गर्न तल्लिन रहन्छन् । जसरी कन्जुसबाट दानको आश गर्नु मुर्खता हुन्छ एस म्यानबाट उनीहरुको विचारको आश गर्नु मूर्खता हो । किनभने यो भावना तिनीहरुको मनमा हुँदैन । उनीहरुलाई आफ्नो विचार प्रकट गर्नु आगोको भुंग्रोमा हाम फाल्नु सरह लाग्छ ।

एकादेशमा १ जना राजा थियो । १ दिन उसलाई एउटा सनकचल्यो र आफ्ना सिपाहीलाई सहरको एउटा पुलबाट आवतजावत गर्ने जनतालाई १/१लात हानेर पठाउनु भन्ने आदेश दिए । सैनिकले आदेशको पालना गर्दै गए र जनतामा पनि लात्ति खाने बानी पर्दै गयो । केही दिनपछि राजाले दिनदिनै लात्ति खाँदा जनतालाई दुख भयो कि भन्ने मनमा आयो र जनतालाई बोलाएर उनीहरुलाई केही समस्या भए भन्नु भने । त्यत्तिकैमा १ जना व्यक्तिले भन्यो : महाराज, सरकारको कृपाले अरु त सबै ठिक छ तर, पुलमा लात्ति हान्ने सैनिकको कमी भएर हामी सर्वसाधारण लात्ति खान घण्टौं कुर्नुपर्ने भएकोले समस्यामा छौं । तएसैले लात्ति हान्ने सैनिक थपिदिनुभए हामीलाई सुविधा हुने थियो ।'

यो कथा केही समय अघि फेसबुकमा निकै चर्चित भएको थियो तथा नेपालको राजनीतिज्ञलाई जोडेर व्याख्या गरिएको थियो । यो कथाले वास्तविक एस म्यानको चरित्रलाई स्पष्ट पारेको छ । राजाले केही समस्या छ भनेर प्रश्न गर्दा समेत रिसाउनु हुन्छ कि भनेर राजको सामु हामीलाई लात हानेर दुख पाएका छौं भनेर भन्न नसक्ने अरु लात खान समेत तयार हुने यस्तो मनोवृत्ति धेरै मानिसमा पाईन्छ ।

कहिलेकाहीँ मानिस परिवन्दमा परेर परि एस म्यान बन्नुपरेको हुन्छ । यस्ता परिवन्दमा परेर अरुले जे गर भने पनि गर्नुपरेको विभिन्न फिल्ममा देखिन्छ । परिवन्दमा परेर एस म्यान बन्नुपरेकोलाई नकरात्मक लिन नमिल्ने हुन सक्छ । नियमकानुन, धर्म तथा संस्कृतिले जे भनेतापनि कहिलेकाहीँ परिवन्दमा परेर गर्नुपरको कार्यलाई छुट पनि दिइन्छ । जब मानिससँग गर्ने अन्य कुनै विकल्प रहँदैन भने उसले अन्य राम्रो कार्य गर्न पनि सक्दैन र परिवन्दमा परेर गरेको कार्य उसको व्यक्तिगत स्वार्थभन्दा माथि हुन सक्छ ।

महाभारत युद्धमा अर्जुनको धनुषवाण लागेपछि कर्णलाई लाग्छ, वाण लागेपछि भगवान कृष्णले आफ्नो निकटतम साथी कर्णलाई तिमीले गरेको पापबाट मुक्त होऔं । कर्ण भनेपछि कर्णले कृष्णलाई आफूले कहिल्यै पनि पाप नगरेको तर, जहिल्यै पनि परिवर्तनको पक्षमा उभिएको मैले गरेको कस्तो पापबाट मुक्ति हुनुपर्‍यो भनि बिन्ती गर्दा भगवान कृष्णले जवाफ दिनुहुन्छ - हे कर्ण तिमी आफैंले कुनै पाप गरेको छैनौ तर, कौरवले दौप्रदीलाई बस्त्रहरण गर्दा तिमीले हेरिरह्यौ । अभिमन्यूलाई



छलकपट गरि हत्या गर्दा समेत तिमीले हेरिरह्यौ, तिमीले कौरवले गरेको अन्यायमा मौन बसिरह्यौ । तएसैले यो नै तिम्रो पाप हो र त्यो पापबाट तिमी मुक्त हुनुपर्छ ।

वास्तवमा भनिन्छ कि, मानिसले धेरै बोलेर बिगार्छन् । तर एस म्यानले नबोलेर बिगार्छन् । उनीहरुले नबोलेर कुनै गलत कार्य हुन भूमिका निर्वाह गरिरहेका हुन्छन् । नबोलेर मौन स्वीकृती दिएर उनीहरुले खराब कार्यमा अप्रत्यक्ष रुपमा सहयोग गरिरहेका हुन्छन् । कर्णले पनि कौरवले खराब कार्य गरिरहेको जान्दाजान्दै पनि चुपचाप बस्नु नै तिम्रो पाप हो भनेर भगवान कृष्णले सम्झाएपछि कर्णले प्राशिचत गर्ने निर्णय गर्छन् र भगवान कृष्णले भन्नुभएझैं पापबाट मुक्तिको लागि तयार हुन्छन् । अनि अर्जुनले कर्णको मुक्तिको लागि अन्तिम धनुषवाण चलाउँछन् र कर्णले मुक्ति पाउँछन् ।

हाकिमले आफ्ना कर्मचारीलाई जोक सुनाएपछि सबैजसो गलल्ल हाँसे । तर १ जना नहाँसेको देखेर हाकिमले तिमीलाई जोक मन परेन भनेर प्रश्न गर्दा उसले जवाफ दियो : 'सर म अर्को कम्पनीको म्यानेजर पदको लागि छनौट भएको छु । एस जोक अनुसार कम्पनीमा कर्मचारी एस म्यान रहेछन् र तिनीहरुको एस म्यान बन्नु कुनै न कुनै कारण हुनसक्छ । तर नहाँस्ने व्यक्तिसँग जागिर गुमिहाल्छ कि भन्ने डर रहेछ । तर जब उनले अर्को कम्पनीमा जागिर पाँउछन् तिनको डर समाप्त हुन्छ र एस म्यान बन्दैनन् ।'

राम्रो कामको लागि एस म्यान बन्नु बफादार बन्नु हो । यस्तो बफादारिताले सकरात्मक नतिजा ल्याउँछ । राम्रो हाकिम भएको ठाउँमा बफादार कर्मचारी भएमा उनीहरुको भरपूर सहयोग र समर्थनले संस्थाले राम्रो नजितादिन सफल भएको कैयौं उदाहरण छन् । यस्ता बफादार कर्मचारीलाई मानिसहरुले प्रशंसा गर्छन् र सकरात्मक नजरले हेर्छन् भने गलत कार्यमा पनि केही पनि नबोली उक्त कार्यमा समर्थन गर्ने एस म्यानले गर्दा कैयौं संस्था धरासायी भएको उदाहरण प्रशस्त भेटिन्छन् र यस्ता एस म्यानलाई मानिसले घृणा गर्छन् ।

नेपालमा विभिन्न कम्पनीमा हाकिमले भनेको गतल काम पनि खुरुखुरु गरेर कम्पनी नै धरासायी भएको र हाकिमको सँगै कारवाहीमा परेर जेल समेत गएका छन् । ती जेल गएका कतिपय कर्मचारी त ति निर्णयमा उनीहरुको कुनै पनि व्यक्तिगत स्वार्थ समेत नभएको पनि पाइएको भएतापनि उनीहरुले निर्णयमा एस म्यान भई समर्थन गरेकोले कारवाहीको भागिदार बन्नुपरेको देखिएको छ । यदि ती कर्मचारीले हाकिमलाई यो कार्य गर्नुहुँदैन भनेर प्रश्न गरेको भए सायद त्यस्ता कुनै कार्य रोकिन सक्थे र आफू पनि कारवाहीबाट बँच्न सक्थे ।

नोबेल पुरस्कार विजेता विलियम फउल्कनरले भनेका छन्, ' इमान्दारिता र सत्यको लागि कहिल्यै पनि आफ्नो कुरा राख्न नडराउनु । यदि मानिसले आफ्ना कुरा राख्न डराएनन् भने एसले संसार बद्लिन्छ । आफ्ना कुरा निर्धक्कसँग राख्नु असल एवं स्वभाविमान मानिसको परिचय हो । गलत कार्य हुनबाट जोगाउनु एउटा असल मानिसको कर्तव्य हो । सही कार्यको लागि पूर्ण बफादार बनेर कार्य सम्पन्नगर्न महत्वपूर्ण भूमिका निभाउने र गलत कार्यको लागि आफ्ना कुरा निर्धक्कसँग राखेर कार्य रोक्नु दुवै असल व्यक्तिका परिचय हुन् । असल काममा बफादार बनेर प्रशंसाको योग्य बनौं तर, गलत कार्यको लागि एस म्यान बनेर घृणाको पात्र नबनौं । एस म्यान बनेर गलत कार्यमा पनि सहभागी नबनौं ।

*(लेखक ओम डेभलपमेन्ट बैंक लिमिटेड नायव प्रमुख कार्यकारी अधिकृत हुन् ।)*

# संघीयता, सुशासन र सूचना प्रविधि



**सूर्य तिमिल्सिना**

**प्रविधिको प्रयोगबाट सार्वजनिक सेवा प्रवाहमा सरकार र जनताबीचको दुरीलाई कम गर्दै सरल र सहज पहुँचमा सहयोग पुर्‍याउँछ**

संघीयता राज्य सञ्चालनको त्यस्तो व्यवस्था हो, जहाँ सरकारको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानिय स्तरका बेग्लाबेग्लै तहमा विकेन्द्रित गरिन्छ । जसलाई एउटा राज्य सत्ता र सार्वभौमसत्ताको विभाजन गरि शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने राजनैतिक प्रक्रियाको रुपमा समेत लिन सकिन्छ ।

मुलुक संघीय शासन प्रणालीमा गईसकेपनि यसको सफल अभ्यासको लागि स्पष्ट खाका नहुँदा थुप्रै चुनौतीका पहाड चुलिँदै गएका छन् । ३ तहको सरकार रहेको मुलुकमा स्थानीय र प्रादेशिक संरचनाका लागि मात्रै करिब ७/७ खर्बका दरले खर्च लाग्ने अनुमान छ । ७ सय ६१ सरकारको प्रशासनिक खर्च, मन्त्री, सांसद, जनप्रतिनिधिको सेवा सुविधाको आर्थिक भारले मुलुकको अर्थतन्त्र धरासयी बन्दै गएको छ ।

स्वदेशी उत्पादनमा वृद्धि हुन नसक्दा व्यापार घाटा समेत बढ्दै गएको देखिन्छ । अर्थशास्त्री प्रा.डा. मदन कुमार दाहालको एउटा लेखमा प्रकाशित तथ्यांक अनुसार औपचारिक रुपमा देखिएको अहिलेको २६ खर्ब हाराहारीमा रहेको कुल ग्राहस्थ उत्पादन ३ वर्षभित्र दोब्बर नबनाउने हो भने मुलुकमा संघीयता टिक्न गाह्रो हुन्छ । राज्यका हरेक क्षेत्रमा जरो गाडेर बसेको भष्ट्राचार, परम्परागत र जटिल प्रशासनतन्त्र, संस्थागत हुन नसकेका कमजोर सरकारी संरचना, राजनैतिक बेथिति, स्थानीय उत्पादनमा कमी, परनिर्भरता, पहुँच र शक्तिको दुरुपयोग नै संघीयताको मुख्य चुनौतीका रुपमा खडा भएर बसेका छन् ।

संघीयताको सफल अभ्यास र मुलुकको समृद्धिको लागि सबैभन्दा पहिलो र अपरिहार्य शर्त भनेको सरकार र राजनैतिक नेतृत्वमा इमान्दारिता हो । जिम्मेवार पदाधिकारीमा इमान्दारिता र काम गर्ने दृढ इच्छा शक्ति हुने हो भने जस्तो सुकै चुनौती र समस्यालाई समेत निराकरण गर्न सकिन्छ, जसबाट जनताले सुशासनको प्रत्याभूति गर्न पाउँछन् ।

जनमुखी एवं प्रभावकारी सार्वजनिक सेवा,कानुनी राज्य, आर्थिक तथा भौतिक समृद्धि, जवाफदेहिता, पारदर्शिता, नागरिक अधिकारको प्रत्याभूति, सामाजिक प्रगति जस्ता सूचकबाट नै सुशासनको स्थिति मापन गर्न सकिन्छ । कुनै पनि मुलुकको विकासको लागि सुशासन अत्यावश्यक हुन्छ ।

त्यसैले संघीय शासन प्रणालीमा गईसकेको मुलुकलाई विकासको गतितर्फ अगाडि बढाउन सुशासनलाई आत्मसाथ गर्दै प्रभावकारी वित्तीय व्यवस्थापन, प्रदेश तथा स्थानीय तहको आर्थिक स्रोत साधन पहिचान गरी आर्थिक सवलीकरण, स्रोत साधनको न्यायोचित प्रयोग, लगानीको वातावरण, प्रभावकारी एवं सरल र सहज सार्वजनिक सेवा प्रवाह, राज्यको नागरिकप्रतिको जवाफदेहिता, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन जस्ता क्षेत्रको विकासमा जोड दिनु नै आजको आवश्यकता हो । विकासका हरेक पूर्वाधार निर्माण गर्दै मुलुकलाई ुत गतिमा समृद्ध बनाउन सूचना प्रविधिको व्यापक प्रयोग अपरिहार्य छ ।

आवश्यक सूचना, तथ्य, तथ्यांक, विचार, सन्देश प्रवाह गर्न, त्यसको पहिचान, संकलन, वर्गीकरण, प्रशोधन, उपयोग र भण्डारण गर्ने मानवीय वा कम्प्युटरमा आधारित साधनको संयोजनले बनेको व्यवस्थित संयन्त्र वा प्रणाली नै सूचना प्रविधि हो । यसको प्रयोगबाट नीति तथा




कार्यक्रम, परियोजना तयार गर्न, प्रगति मूल्यांकन गर्न, सबैलाई निर्णय प्रक्रियामा सहभागी गराउन, पारदर्शिता, उत्तरदायी, सरल सहज शासन पद्धतिको विकास गर्न सकिन्छ । सूचना प्रविधिको माध्यमबाट हुने आर्थिक पारदर्शिता र वित्तीय सुशासनले संस्थागत सुशासन कायम गर्न मद्दत गर्छ । कृषि, पर्यटन, वाणिज्य, सूचना जस्ता क्षेत्रमा ज्ञानमा आधारित अर्थतन्त्र प्रवर्धनमा टेवा पुर्‍याउँछ ।

त्यस्तै गरी सुचना प्रविधिको प्रयोगबाट सार्वजनिक सेवा प्रवाहमा सरकार र जनताबीचको दुरीलाई कम गर्दै सरल र सहज पहुँचमा सहयोग पुर्‍याउँछ । जसको लागि पेपरलेस शासन, विद्युतीय शासन, सूचना प्रवाह तथा सेवाको लागि आवश्यक कागजात एवं प्रक्रियाको जानकारी दिन वेबसाइट, मोबाइल एप्लिकेसन, अडियो नोटिस बोर्ड जस्ता माध्यमको प्रयोग गर्न सकिन्छ ।

खरिद प्रणालीलाई पारदर्शी, निष्पक्ष बनाउन विद्युतीय खरिद प्रणाली आजको आवश्यकता हो । त्यस्तै यातायात क्षेत्रमा जिपिएस प्रणाली, इटिकेटिङको माध्यमबाट व्यवस्थित बनाउन सकिन्छ ।

जनताले सेवा लिन जाँदा हरेक कार्यालयमा घण्टौं लाइन बस्नुपर्ने, हरेक कार्यालयमा आफ्नो परिचय तथा विस्तृत विवरण खुलाउनको लागि छुट्टाछुट्टै फारम भर्नुपर्ने अहिलेको बेथितिलाई सूचना प्रविधिको प्रयोगमार्फत् हरेक नागरिकलाई डिजिटल कार्ड र एउटा युनिक कोड उपलब्ध गराउने जसबाट उसको सम्पूर्ण विवरण प्राप्त होस् र त्यस कोडको इन्ट्री गरेरै हरेक कार्यालयमा सेवा प्रवाह लिन सकियोस् । त्यस्तै राज्यका सम्पूर्ण ठाउँमा इन्टरनेटको सहज पहुँच उपलब्ध गराउने र नागरिकले अधिकतम सेवा अनलाइनमार्फत् घरबाटै प्राप्त गर्ने व्यवस्था गर्न सकिन्छ ।

सूचना प्रविधिको व्यापक प्रयोगबाटै शिक्षा क्षेत्रमा दुर शिक्षा सिकाई, मल्टिमिडियाको प्रयोग, भिडियो कन्फेरेन्स जस्ता विधिमार्फत् प्रभावकारी बनाउन सकिन्छ । जसबाट राष्ट्रको लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा समेत टेवा पुग्छ । त्यस्तै गरी स्वास्थ्य क्षेत्रमा हरेक नागरिकको सहज पहुँच र स्वास्थ्य सेवाको लागि टेलिमेडिसिन भिडियो कन्फेरेन्स मार्फत् दुर्गम भेगका जनतालाई अनलाइन विशेषज्ञ सेवा दिन सकिन्छ । हेल्थ केयर म्यानेजमेन्ट प्रणाली मार्फत सेवा प्रदान गर्न सकिन्छ । कृषिलाई आधुनिकीकरण गर्दै सूचना प्रविधि मार्फत् कृषि सूचना केन्द्र, कृषि पर्यटन, एग्रो एप मार्फत् उत्पादनको बजारीकरण गर्न सकिन्छ ।

ज्ञान सिप, प्रविधि दक्षता प्राप्ति, हस्तान्तरण र सदुपयोगमार्फत् सूचना प्रविधिको व्यापक प्रयोगबाट आम नागरिकको जीवनयापनको प्रक्रियालाई समेत ुत, सहज र गुणस्तरीय बनाउन सकिन्छ ।

राष्ट्रको आन्तरिक आय वृद्धि गर्नको लागि देशले अध्ययन, अनुसन्धान र प्रविधिको विकास र प्रयोगमा प्राथमिकताका साथ लगानी गर्‍यो भने मात्र मुलुकले समृद्धि हासिल गर्न सक्छ । तसर्थ छरितो संघ, समन्वयकारी प्रदेश र बलियो स्थानीय निकायको लागि आवश्यक मानवीय, भौतिक एवं आर्थिक स्रोत साधनको दिगो व्यवस्थापनतर्फ ध्यान दिँदै राज्यका हरेक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको व्यापक प्रयोग गरी जनतालाई सुशासनको प्रत्याभूति गराउँदै विकासका कार्य अघि बढाउनु नै सफल संघीयताको एक मात्र सुत्र हो ।

*(लेखक सूचना प्रविधिको क्षेत्रमा काम गर्छन् ।)*

## आजको शुभाशुभ



**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
